# नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
## (प्रसासन, सहकारी तथा गरिबी निवारण महाशाखा)
## गरिब पहिचान तथा मापदण्ड शाखा

पत्र संख्या ०७९/८०
च.नं. : 648

मिति २०७९।१०।२४

विषय : गुनासो सुनुवाई कार्यक्रम सम्वन्धमा।

श्री स्थानीय तहहरु सवै (उल्लेखित १५ जिल्लाका) ।
ओखलढुङ्गा, सप्तरी, धनुषा, सर्लाही, बारा, पर्सा, दोलखा, सिन्धुपाल्चोक, नुवाकोट, मनाङ, मुस्ताङ, रूपन्देहि, गुल्मी, बैतडी, कञ्चनपुर

उपरोक्त विषयमा यस भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयवाट संचालन गरिएको गरिब परिवार पहिचान तथा परिचय-पत्र वितरण कार्यक्रम अन्तर्गत तहाँ स्थानीय तहवाट प्राप्त तथ्यांक विश्लेषण गरी गरिब परिवारको रुपमा सूचीकृत भएका गरिब परिवारको प्रारम्भिक सूची (PDF File) तथा सम्पुर्ण परिवारको विस्तृत विवरण सूची (गरिब र गैह्रगरिबको Excel File) दुवै यसैसाथ पठाइएको छ ।सो सम्वन्धमा तपसिल अनुसार गुनासो सुनुवाई कार्यक्रम संचालन गर्ने गराउने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

### तपसिल

१. तहाँ स्थानीय तहले हालसम्म गुनासो सुनुवाई अधिकारी नियुक्ती नगरेको भए यथाशिघ्र गुनासो सुनुवाई अधिकारी नियुक्ति गर्नु हुन वा कार्यरत कर्मचारीलाई गुनासो सुनुवाई अधिकारीको काम गर्ने गरी तोकी सो को जानकारी गराउनु हुन ।
२. नियुक्ति भएका वा तोकिएका गुनासो सुनुवाई अधिकारीहरुको नाम तथा सम्पर्क नं. (इमेल समेत) उपलव्ध गराइ दिनुहुन ।
३. गुनासो सुनुवाई अधिकारी नियुक्ती वा तोकिए पश्चात यसै पत्रसाथ पठाइएको गरिब परिवारको प्रारम्भिक सूची (PDF File) लाई गुनासो सुनुवाई मार्गदर्शन, २०७८ वमोजिम सार्वजनिक गरी गुनासो सुनुवाई कार्यक्रम अगाडी वढाउनु हुन।
४. पत्र साथ संलग्न सम्पुर्ण परिवारहरुको सूची (गरिब र गैह्रगरिबको Excel File) तहाँको जानकारीका लागि मात्र पठाइएको हुदाँ सार्वजनिक नगर्नु हुन।
५. गुनासो सुनुवाई अधिकारीहरुको अभिमुखीकरण कार्यक्रम संचालनका सम्वन्धमा मन्त्रालयवाट मिति र समय तय गरी पछि जानकारी गराइने व्यहोरा अनुरोध छ ।

नोट : गुनासो सुनुवाई मार्गदर्शन, २०७८ यस मन्त्रालयको वेवसाइट https://molcpa.gov.np/category/publication?title=Publication वाट डाउनलोड गर्न सकिने छ ।

२०७९।१०।२४

(अनन्त कुमार वस्नेत)
उपसचिव